**सेन्ट जेभियर्स स्कुललाई प्राप्त जग्गाको भोगाधिकार तथा सो क्षेत्रमा भइरहेका विभिन्न गतिविधिको जानकारी** ।

आदरणीय अभिभावज्यू,

तत्कालीन सरकारले नेपालमा गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने उद्देश्यले जेसुईट फादरहरुलाई सन् १९५१ मा आमन्त्रण गरी शिक्षामा सहयोग गर्न अभिप्रेरित गरेबमोजिम तत्कालीन सरकार र जेसुईट फादरहरूको बीच मेमोरेन्डम आफ अन्डरस्याण्डिङ (Memorandum of Understanding) मा हस्ताक्षर भई सन् १९५१ मा सेन्ट जेभियर्स स्कुल गोदावरी स्थापना भएको र हाल माध्यामिक तह (कक्षा १२) सम्मको अध्ययन अध्यापन हुँदै आएको छ । विगत ६९ वर्षदेखि निरन्तर रूममा आफ्नो नाउँमा रहेको घर जग्गा, अचल सम्पत्ति र सरकारबाट प्राप्त घर जग्गामा रहेर शिक्षा ऐनले व्यवस्था गरेबमोजिम यो स्कुल सार्वजनिक शैक्षिक गुठीमा दर्ता गरी सुलभ र गुणस्तरीय शिक्षा प्रदान गर्न समर्पित रही देशको लागि आवश्यक योग्य जनशक्ति उत्पादन गरिरहेको छ र त्यस जनशक्तिले विभिन्न स्थानबाट देश र जनताको सेवा गर्दै आइरहेको कुरा सर्वविदितै छ ।

यस सेन्ट जेभियर्स गोदावरी स्कुलले यस क्षेत्रका गरिब विद्यार्थीहरूलाई छात्रवृतिमा प्रदान गरिरहेको र सो कार्य अनवरत रूपमा गरी नै रहने छ । यस क्षेत्रमा उच्च शिक्षा तथा भविष्यमा सरकारी नियमानुसार विश्वविद्यालयको समेत स्थापना गरी यस क्षेत्र तथा समग्र देशलाई नै गुणस्तरीय शिक्षा प्रदान गर्ने आकाङ्क्षाका साथ नेपाल जेसुईट संस्था लागि परिरहेको छ ।

यसै क्रममा २०६१ सालमा सरकारबाट प्राप्त जग्गामा विद्यालयद्वारा स्टेडियम बनाउन र घेरबार लगाउन लाग्दा केही व्यक्तिहरूले तत्काल केही संरचना नबनाउन र तत्काललाई खुल्ला क्षेत्रको रुपमा राख्न पहल भए अनुसारमात्र सो क्षेत्रमा कुनै पनि कार्य नगरी खुला क्षेत्र राखिएको तर हाल आएर तत्कालीन सरकारले यस विद्यालयलाई उपलव्ध गराएको जग्गामा विभिन्न संघ संस्था/व्यक्तिहरुद्धारा कहिले स्टेडियम कहिले पार्क त कहिले अन्य संरचना वनाउने भनी लागि परेको देखिन्छ । शिक्षाजस्तो पवित्र कार्यमा सबैको सहयोग हुँदा हुँदै पनि यस विद्यालयले सबैको सहमती पछि मात्र संरचाना बनाउने कार्य अगाडि बढाउने मनसायका साथ कुनै कार्य अघि विद्यालय तर्फबाट नबढाइएको र सोही मौनताको अवस्थामा विद्यालयलाई प्राप्त जग्गामा विना जानकारी विभिन्न कार्यहरु शुरु भएको सुन्दा आश्चर्य लागेको छ ।

यो स्कुल कुनै पनि नाफा कमाउने उद्देश्यका साथ स्थापना नभएको र अन्य प्रयोजनको लागि सरकारले जग्गा उपलव्ध नगराई तत्कालीन अवस्थामा पनि स्कुल नै चलाउनको लागि भनी उल्लेख भएको साथै यो एउटा विशेष परिस्थितिमा स्थापित र संचालित स्कुल हो । यसको आफ्नै छुट्टै प्रकृति र अस्तित्व रहेको तथ्य आजसम्म हामीले पुऱ्याएको सेवा तथा हामी वीच सम्पन्न सहमतीवाट स्पष्ट छ । तत्कालीन अवस्थामा भएको सहमति अनुसार यस सेन्ट जेभियर्स स्कुल संचालन रहेसम्म प्रयोग गर्ने भन्ने नै हो । सो कुरा विभिन्न मन्त्रालय, अन्तर्गतका विभाग र कार्यालयका परिपत्र र कागजातहरुले पनि सो जग्गाको स्कुलको स्वामित्व वारे औचित्य पुष्टि गर्दछ ।

हाल भोग चलन गरि आएको जग्गा वि.स. २०३१ मंसिरमा तत्कालीन सरकारबाट रातो चिन्ह अनुसारको जग्गा सिमाकंन गरी यस स्कुललाई जिम्मा लगाएको र स्थापना कालदेखि स्कुलले भोगचलन गरी आएको छ । यस विद्यालयको संरक्षण र भोगाधिकारमा रहेको जग्गामा हुदै गरेको निर्माण कार्यको योजनाको जानकारी यस विद्यालयलाई नभएको, विभिन्न समयमा कहिले फुटवल ग्राउण्ड, सभाहल, पार्क वनाउने भनी विभिन्न व्यक्ति तथा संस्थाहरु आई कार्य शुरु गर्ने गरेको अवस्था छ । विद्यालयले विकास निर्माणमा जहिले पनि सहयोग र सहजीकरण गर्दछ तर सरकारद्वारा प्रतिपादित नियमको पालना राजनीतिज्ञ, शिक्षक, कर्मचारी, जनप्रतिनिधि हामी सवैले गर्नु पर्दछ ।

विगतमा पनि सो जग्गा सम्वन्धी कुनै पनि कार्यमा हामी सरोकारवालाई समावेश नै नगरी निर्णयहरू गर्ने गरिएको छ । हाल निर्माणधिन सभाहल तथा खुल्ला क्षेत्र स्थान २००८ सालदेखि सेन्ट जेभियर्स स्कुल, गोदावरीको भोकाधिकारमा रहेको जग्गा हो । सो क्षेत्रमा विभिन्न समयमा विभिन्न सरकारी वा गैर सरकारी संस्थाहरुद्वारा विभिन्न किसिमका परियोजनाहरुको प्रस्ताव आएका थिए । सेन्ट जेभियर्स स्कुल तथा नेपाल जेजुईट संस्थाद्धारा भविश्यमा उच्च शिक्षा देखि विश्वविद्यालयसम्म संचालन गर्नका लागि भनी सरक्षणका कारण मात्र सो क्षेत्र खालि रहेको हो । यस परियोजनापछि वाँकी रहेको शैक्षिक क्षेत्रलाई असर नपर्ने गरी विद्यार्थीको पठन पाठन तथा शैक्षिक वातावरण कायम राख्न विशेष ध्यान दिनु जरुरी छ । सो निर्माणधिन क्षेत्रमा विगत ५० वर्षदेखि रहेको स्टाफ क्वाटर नहटाउन सम्वन्धित निकायमा पत्राचार तथा छलफल गर्दा यसको सुनुवाई भएन । कुनै पनि सर्वसाधार तथा संस्थाको सम्पत्ति हटाउँदा राज्यले गर्नु पर्ने सहजीकरण तथा सामान्य क्षतीपूर्तिको सिद्धान्तलाई पनि पालना गरिएको देखिएन ।

यो विद्यालय कुनै पनि विकासको विरोधी नभई कुनै पनि कार्य गर्दा प्रकिृया पुरा गरी कार्य प्रारम्भ गर्नु पर्छ भन्ने कुरामा शुरुदेखि नै अडिग रहेको हो । यो खुल्ला क्षेत्र जुन चियावारी चौरको रुपमा परिचित थियो, विश्वविद्यालय भएमा पनि विद्यार्थी तथा यस क्षेत्रका युवाहरुलाई खेलकुदका लागि, विभिन्न जात्रा तथा पर्वहरुमा प्रयोगका लागि, खुल्ला क्षेत्रकै रुपमा रहने योजना थियो । यति हुँदा हुनै पनि विद्यालयले विकास निर्माण कार्यलाई सहयोग नै गरिरहेको छ । तर पुनः वाँकी रहेको सोही क्षेत्रमा विभिन्न परियोजनाहरुको प्रस्ताव तथा कार्य आरम्भ गरेको देखिन्छ । यसले यस विद्यालयलाई तथा विद्यालयको पठन-पाठन तथा यस क्षेत्रवाट शिक्षा मार्फत देशलाई सहयोग पुऱ्याने योजनालाई ठेश पुऱ्याएको भान हुन्छ ।

हाल उत्पन्न भएको समस्या समाधानका लागि विभिन्न चरणमा गम्भीर रुपमा छलफलमा व्यस्त रहेको व्यहोरा यहाँहरुलाई जानकारी गराउँदछौं । सम्वन्धित विषय वारे हामी विच छफलफल, विचार विमर्श पश्चात सम्पूर्ण अभिभावकज्यूहरुलाई जानकारी गराउने नै छौं । यस विषयमा यहाँहरुवाट पनि आवश्यक सल्लाह सुझाव र सहयोगको अपेक्षा गरेका छौं । अन्य जानकारीको लागि फोनमार्फत अथवा प्रत्यक्ष भेट गरी वा ईमेल (sxgodavari@wlink.com.np) मार्फत सल्लाह तथा सुझाव र आवश्यक सहयोग गरिदिनु हुनेमा हामी पूर्ण विश्वस्त छौं ।

यहाँको सल्लाह, सुझाव तथा सहयोगको लागि हार्दिक धन्यवाद ।

**फा. सामुएल सिमिक, एस.जे.**
**प्रधानाध्यापक**
**सेन्ट जेभियर्स स्कुल, गोदावरी**